# छात्रवृत्ति कार्यान्वयन र विद्यार्थीको सिकाइ उपलब्धि स्तर

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङकाय शैक्षिक योजना
तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड)
दोश्रो वर्षको आंशिक आवश्यक्ता पूरा
गर्नका लागि तयार पारिएको

**शोध-पत्र**

शोधकर्ता
यादवप्रसाद कोइराला
त्रि.वि.द.नं. ६४४७-९०
क्याम्पस रोल नं. ८९/०६५
परीक्षा रोल नं. २०४०१०६/०६६

कनकाई बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
सुरुङ्गा, झापा
२०७२

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त )
# कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका–३, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३–५५०१५३
Fax : ०२३–५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति : २०७२/०९/१५

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी **यादवप्रसाद कोइरालाले** मेरो प्रत्यक्ष निर्देशनमा **छात्रवृत्ति कार्यान्वयन र विद्यार्थीको सिकाइ उपलब्धि स्तर** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिश गर्दछु ।

(गोपीकृष्ण भट्टराई)
शोध निर्देशक

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त )

# कनकाई बहुमुखी क्याम्पस

कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)

स्था : २०४७

०२३-५५०१५३

Fax : ०२३-५५०८५३

Email : kanakai.campus47@gmail.com

च.नं.

प.सं.

मिति : २०७२/१०/०३

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी **यादवप्रसाद कोइरालाले छात्रवृत्ति कार्यान्वयन र विद्यार्थीको सिकाइ उपलब्धि स्तर** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

१. उप-प्रा. आशा शर्मा सिवाकोटी

विभागीय प्रमुख ..............................

२. गोपीकृष्ण भट्टराई

शोध निर्देशक ..............................

३. उप-प्रा. शेषराज अधिकारी

बाह्य परीक्षक ..............................

# कृतज्ञता ज्ञापन

छात्रवृत्ति कार्यान्वयन र विद्यार्थीको सिकाइ उपलब्धिस्तरको अध्ययन शीर्षकमा केन्द्रित भएर गरिएको यस शोत्रपत्र तयारीका क्रममा आफ्नो कार्य व्यस्तताको वावजुद अमूल्य समय प्रदान गरी आवश्यक सन्दर्भ सामाग्री संकलन र शोधपत्रको प्रारुप तयार गर्न निरन्तर सहयोग सल्लाह एवम् कुशल निर्देशन प्रदान गर्नुहुने आदरणीय गुरु श्री गोपीकृष्ण भट्टराईज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। यसरी नै शोधकार्यलाई अगाडी बढाउनका लागि आवश्यक वातावरण मिलाइ विभागीय स्वीकृति प्रदान गर्नुहुने विभागीय प्रमुख श्री आशा शर्मा शिवाकोटी ज्यू र विभागका आदरणीय गुरुप्रति कृतज्ञता ज्ञापन गर्न चाहान्छु।

अध्ययनको क्रममा नमूना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि, अभिभावक, शिक्षक, विद्यार्थी एवम् जसले यस अध्ययन कार्यका लागि आफ्नो अमूल्य समय प्रदान गरी सूचना र तथ्याङ्क उपलब्ध गराइ यथेष्ट सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरुप्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहान्छु। साथै मलाई यस अध्ययनसँग सम्बन्धित पुस्तक, लेख, रचनाहरु उपलब्ध गरेर सहयोग गर्नुहुने सम्पूर्ण मित्रजनहरुलाई एवम् मेरो अध्ययनलाई यस अवस्थासम्म ल्याइपुऱ्याउन निरन्तर सहयोग पुऱ्याउने मेरी जीवनसंगीनी उमा कोइरालालाई हार्दिक धन्यवाद दिन चाहान्छु। यस शोत्रपत्रको टङकन तथा छपाइमा सहयोग गर्नु हुने माइक्रोपावर कम्प्युटर इन्स्टिच्युट खुदुनावारी-९ का केन्द्र खनाललाई धन्यवाद ज्ञापन गर्दछु।

यादवप्रसाद कोइराला

# शोधसार

प्रस्तुत अध्ययन **"छात्रवृत्ति कार्यान्वयन र विद्यार्थीको सिकाइ उपलब्धि स्तर"** शीर्षकमा तयार पारिएको हो । यस अध्ययनको मुख्य उद्देश्य छावृत्ति कार्यक्रम कार्यान्वयनको वर्तमान अवस्था पहिचान गर्नु, छात्रवृत्तिले विद्यार्थीको सिकाइ उपलब्धि स्तरमा पारेको प्रभाव खोजी गर्नु सिकाइ उपलब्धिमा प्रंभाव पार्ने समस्याहरु विश्लेषण गर्नु र विद्यमान समस्या समाधान र सिकाइ उपलब्धि सुधारका उपायहरु सुझाउनु रहेका छन् ।

यो अध्ययन गुणात्मक किसिमको भएता पनि यसमा सिकाइ उपलब्धि मापनका केही परिमाणात्मक तथ्याङ्कहरु समेत समावेश गरी मिस्रित ढाँचामा तयार गरिएको छ । अनुसन्धानात्मक साधनहरुको प्रयोगको सम्बन्धमा नमूना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक शिक्षक, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि, अभिभावक र विद्यार्थीसँग प्रश्नावली भराइ छलफल, अन्तरवार्ता, भेटघाट र अन्तरक्रिया गरी विविध प्रकारका तथ्याङ्क संकलन गरिएको छ । नमूना छनौट विधि अन्तर्गत सुविधायुक्त नमूना छनौट विधि, सम्भावनायुक्त नमूना छनौट विधिको प्रयोग गरिएको छ ।

प्राथमिक र द्वितीय दुवै स्रोतबाट प्राप्त भएका सूचना, जानकारी र तथ्याङ्कहरुको प्रयोग गरिएको छ । सङ्कलित तथ्याङ्कलाई सम्पादन र प्रशोधनपछि तालिकीकरण गरी तथ्याङ्कको आधारमा औषत र प्रतिशतको गणना गरेर विषय र प्रसङ्ग अनुसार चित्रात्मक रुपमा समेत प्रस्तुत गरी उद्देश्य प्राप्तिका लागि विभिन्न शीर्षक, उप-शीर्षकहरुका व्याख्या र विश्लेषण गरेर विषयबस्तुलाई स्पष्ट पारिएको छ । अध्ययनकर्ताको अध्ययन र नतिजा विश्लेषणको आधारमा प्राप्त निश्कर्षलाई अध्ययनको बैचारिक खाका अन्तर्गत थर्नडाइकको सम्वलनको सिद्धान्त, वी.एफ. स्कीनरको कार्यपरक सम्बद्ध सिकाइ सिद्धान्त र अब्राहम मस्लोको अभिप्रेरणाको सिद्धान्तको चिन्तनसँग सम्बद्ध गरी सोही आधारमा निश्कर्षमा पुगेर सुधारका लागि सुझावहरु पेश गरिएको छ ।

अध्ययनबाट विद्यालयमा छावृत्ति कार्यक्रमले अभिभावक वर्गमा विद्यालयप्रति सकारात्मक धारणाको विकास भइ विना भेदभाव छोराछोरीलाई विद्यालय पठाउने बाँनीको सुधार भएको र विद्यार्थीको विद्यालयमा नियमितता वृद्धि भइ सिकाइ उपलब्धिमा सामान्य वृद्धि भएको पाइयो । तर छात्रवृत्ति कार्यक्रमले विद्यार्थीको सिकाइ उपलब्धिस्तरमा पुर्नवल युक्त उत्तेजनाको रुपमा कार्य गर्नु पर्ने सैद्धान्तिक आधारहरु भएता पनि सिकाइ उपलब्धिस्तर

अपेक्षित र गुणात्मक हुन नसकेको पाइयो । बढ्दो महंगीको तुलनामा छात्रवृत्ति रकम न्यून रहेकाले विद्यार्थीको शैक्षिक सामग्री खरिदमा ठूलो सहयोग पुऱ्याउन नसकेको, छावृत्तिको खास उद्देश्य र महत्व पुरा नहुदा सिकाइमा सकारात्मक प्रभाव पार्न नसकेको, कार्यक्रमको उद्देश्य र प्रभावकारिता बारे सरोकारवाला निकायबाट उचित अनुगमन र मूल्याङ्कन नभएको, यस कार्यक्रमले सम्पूर्ण विद्यार्थी वर्गलाई समेट्न नसकेको र यसको व्यवस्थापन एवम् वितरणमा बैज्ञानिकताको अभाव रहेको पाइयो ।

छात्रवृत्ति बाहेक विद्यार्थीको घरायसी आर्थिक स्थिती, सामाजिक राजनीतिक अवस्था, शिक्षण सिकाइ क्रियाकलाप, कक्षाकोठा व्यवस्थापन, विद्यार्थीको पढाइ लेखाइ प्रतिको अभिरुचि र शिक्षा प्रणाली जस्ता अन्य तत्वहरु समेत सिकाइ उपलब्धिस्तर प्रभाव पार्ने कार्यमा जिम्मेवार रहेको पाइयो । छात्रवृत्ति कोटा निर्धारण गर्दा जातिय, बर्गिय संगसगै जेहन्दार छात्रवृत्ति कोटा वृद्धि गर्नु पर्ने, उपयुक्त समयमा न्यायोचित र बैज्ञानिक ढंगबाट छात्रवृत्ति वितरण गर्नु पर्ने, छात्रवृत्तिको उद्देश्य प्राप्ति र प्रभावकारिता बारे अनुगमन तथा मूल्याङ्कन गर्न उच्चस्तरीय संयन्त्र विकास गरी परिचालन गर्नुपर्ने, विद्यालयलाई भौतिक संरचनाले सु-सम्पन्न बनाइ सिकाइमैत्री वातावरण सिर्जना गर्नुपर्ने र विद्यालयलाई शान्ति क्षेत्रको रुपमा विकास गर्न बन्द, हड्तालमुक्त राख्नु पर्ने जस्ता प्रमुख सुझावहरु यस सोधपत्रले प्रस्तुत गरेको छ ।

## विषय सूची


| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| | शोध शीर्षक | |
| | सिफारिस पत्र | |
| | स्वीकृति पत्र | |
| | कृतज्ञता ज्ञापन | |
| | सोधसार | |
| | विषय सूची | |
| | **परिच्छेद एक : परिचय** | **१–८** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ४ |
| १.३ | अध्ययनको औचित्य | ६ |
| १.४ | अध्ययनको उद्देश्य | ७ |
| १.५ | अनुसन्धान्तमक प्रश्नहरु | ७ |
| १.६ | अध्ययनको परिसिमा | ८ |
| | **परिच्छेद दुई : सम्बन्धित साहित्यको पनरावलोकन तथा सैद्धान्तिक खाका** | **९–१४** |
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | ९ |
| २.२ | अध्ययनको सैद्धान्तिक खाका | ११ |
| २.३ | पुनरावलोकनको उपाध्येयता | १४ |
| | **परिच्छेद तीन : अध्ययन विधि** | **१५–१९** |
| ३.१ | अनुसन्धानात्मक ढाँचा | १५ |
| ३.२ | जनसंख्या तथा नमूना | १५ |
| ३.३ | तथ्याङ्कको स्रोत | १६ |
| ३.४ | तथ्याङ्क संकलनका साधनहरु | १७ |
| ३.५ | तथ्याङ्क संकलन प्रक्रिया | १८ |
| ३.६ | तथ्याङ्क विश्लेषण प्रक्रिया | १९ |

**परिच्छेद चार : नतिजाको व्याख्या तथा विश्लेषण** **२०–५२**

४.१ छात्रवृत्ति वितरणको अवस्था २०

४.१.१ छात्रवृत्ति वितरण गर्ने तरिका २२

४.१.२ छात्रवृत्ति वितरणको स्वरुप २४

४.१.३ छात्रवृत्ति वितरणको समय २४

४.१.४ छात्रवृत्ति रकमको प्रयोग २५

४.२ छात्रवृत्तिले विद्यार्थीको सिकाइ उपलब्धिमा पार्ने प्रभावको खोजी २७

४.२.१ विद्यार्थी नियमितताको अवस्था २८

४.२.२ विद्यार्थीको सिकाइ उपलब्धिस्तरको अवस्था ३०

४.२.३ छात्रवृत्ति पाउने र नपाउने विद्यार्थीको विद्यालगत उत्तीर्णदर ४०

४.२.४ छात्रवृत्ति प्राप्तगर्ने दलित र गैर दलितको सिकाइ उपलब्धिस्तरको तुलना ४३

४.२.५ विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने अन्य तत्वहरुको विश्लेषण ४६

४.२.६ विद्यार्थीको कक्षाकोठा क्रियाकलापमा सहभागिता ४८

४.३ छात्रवृत्ति सम्बन्धि समस्याहरुको विश्लेषण ५०

४.४ विद्यमान समस्या समाधान र सिकाइ उपलब्धिस्तर सुधारका उपायहरु ५१

**परिच्छेद पाँच : निश्कर्ष र सुझाव** **५३–५७**

५.१ निश्कर्ष ५३

५.२ सुझाव ५४

५.२.१ नीतिगत तह ५४

५.२.१ कार्यान्वयन तह ५६

५.२.३ अनुसन्धान तह ५७

सन्दर्भ ग्रन्थसूची

अनुसूचीहरु